स्वीकृत मितिः२०७७/११/२५

# आमा समूहलाई बिउपूँजी घुम्तिकोष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

हलेसी तुवाचुङ नगरपालिका,

दुर्छिम,खोटाङ।

Chief Administrative Officer

# आमा समूहलाई बिउपूँजी घुम्तिकोष कार्यक्रम सञ्चालन कार्यविधि २०७७

प्रस्तावना:

महिला सशक्तिकरणका निम्ति यस हलेसी तुवाचुङ नगरपालिकाको क्षेत्रभित्र स्थायी वसोबास गरी आमा समूहमा आवद्ध महिला सदस्यहरुको सामाजिक/आर्थिक/राजनितिक सुदृढीकरण गर्दै महिलाहरुलाई सवल र सक्षम बनाउदै विकासको मूलधारमा समाहित गर्न वाञ्छनिय भएकोले आमा समूहलाई बिउपूँजी घुम्तीकोष कार्यक्रम सञ्चालन कार्यविधि हलेसी तुवाचुङ नगरपालिकाले जारी गरेको छ।

परिच्छेद-१

प्रारम्भ:

१.१ संक्षिप्त नाम र प्रारम्भ:

१.१.१ यो कार्यविधिको नाम "आमा समूहलाई बिउपूँजी घुम्तिकोष कार्यक्रम सञ्चालन कार्यविधि २०७७" हुनेछ ।

१.१.२ यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

१.२ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क.'आमा समूह' भन्नाले यस नगरपालिकाको क्षेत्रभित्र स्थायी वसोवास गर्ने ग्रामिण स्तरका आमा समूहहरुमा आवद्द महिलाहरुको समूहलाई जनाउदछ। सो शब्दले प्रचलित कानून बमोजिम सम्वन्धित निकायमा दर्ता भएका समेत जनाउँदछ।

ख.'सञ्चालक समिति' भन्नाले प्रचलित कानून बमोजिम आमा समूह दर्ता भई समूहलाई व्यवस्थित ढंगबाट संचालन गर्नका लागि नगरपालिकाले व्यवस्था गरेको समिति तथा व्यवस्थापन समितिलाई जनाउछ।

ग.'घुम्तिकोष' भन्नाले आमा समूह घुम्तिकोष सम्झनु पर्छ।

घ.'बिउपूँजी' भन्नाले यस कार्यालयबाट विनियोजित रकम अनुशार सम्झौता गरि आमा समूहको व्यवस्थापन समितिलाई उपलब्ध गराउने रकमलाई समझनुपर्छ।

ङ.'बिभाग' भन्नाले महिला विकास बिभाग सम्झनुपर्छ।

च.'मन्त्रालय' भन्नाले महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

छ.'कार्यालय' भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको कार्यालय सम्झनुपर्छ।

१.३ उदेश्य:

निम्नलिखित उद्देश्य परिपूर्तिका लागि चालुकोष घुम्तिकोष स्थापना गरी बिउपूजीको व्यवस्था गर्न सकिनेछ।

क. महिला सामुदायिक संस्थाहरुको संस्थागत विकासमा टेवा पुर्याउने।

ख. आमा समूहको गतिविधिमा संलग्न गर्दै जिवनस्तर उकास्नका साथै कर्जा परिचालन क्षमतामा अभिबृद्दि गर्ने।

ग. ग्रामिण महिलाहरुको आयआर्जनका निम्ति आवश्यक न्यूनतम कर्जाको मागलाई स्थानीय आमासमूहमार्फत नै परिपुर्ति गराउने।

घ. ग्रामिण महिलाहरुको चेतना अभिबृद्दी नेतृत्व क्षमता लगायत उनीहरुको चौतर्फि विकास गरी महिला शसक्तिकरणको राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पुर्याउने।

ङ. ग्रामिण बिपन्न महिलाहरुलाई उत्पादनमूलक क्षेत्रमा सरिक गराई उनीहरुको आर्थिक स्थिति सुदृढ पार्न मद्दत पुर्याउने।

च. विपन्न स्तरका महिलाहरुलाई वचत गर्ने र पुनर् लगानिमा संलग्न गरी आर्थिक स्तर वृद्दी गर्नु।

## परिच्छेद-२

### २.१ बिउपूँजी उपलव्ध गराउन सक्ने

यस कार्यविधिको परिच्छेद १ को १.३ अनुसार ३.१ बमोजिम सम्झौता गरि आमा समूह वा संस्थालाई बिउपूँजी उपलव्ध गराउन सकिनेछ। यस्तो बिउपूँजीको सीमा सम्वन्धित संस्था वा समूहको बचतकोषको ५ गुणा बढी नहुने गरी दफा ६ अनुसारको निर्देशन समितिले निर्णय गरे अनुसार न्यनतम रु १लाख अधिकतम रु ५ लाख सम्म दिईन सकिनेछ।

### २.२ बीउपूँजी प्राप्त गर्न निवेदन दिनुपर्ने

आमा समूहले बिउपूँजी प्राप्त गर्नका लागि अनुसुची १ बमोजिमको ढाँचामा सम्वन्धित कार्यालयमा निवेदन दिनुपर्ने छ। यसरी निवेदन दिदा उक्त संस्थाको वा समूहको सञ्चालक समितिको निर्णय तथा बिउपूँजी परिचालन र कर्जा लगानी नीति समेत समावेस गर्नुपर्नेछ।

## परिच्छेद-३

### ३ बिउपूँजी उपलव्ध गराउने

३.१ नगरपालिकाले प्रत्येक आर्थिक बर्ष घुम्तिकोष कार्यक्रम बिउपूँजीको लागि आवश्यक निश्चित रकम वार्षिक कार्यक्रममा व्यवस्था गर्नुपर्नेछ।

३.२ बिउपूँजी रकम उपलब्ध गराउदा आर्थिक प्रशासन शाखाले उपलब्ध गराउने छ।

३.३ सम्झौता गर्नुपर्ने

कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तरगतका आमा सममूहलाई अनुसूची २ को ढाँचामा सम्झौता गरी राख्नुपर्नेछ।

३.४ अनुसूची १ को ढाँचामा निवेदन दिनुपर्ने।

## परिच्छेद-४

### बिउपूँजी सञ्चालन र व्यवस्थापन

४ घुम्तिकोष बिउपूँजी सञ्चालनका शर्तहरु:

क.आमा समूहले आफ्ना सदस्यहरु बिच मात्र बिउपूजी परिचालन गर्नुपर्नेछ।

ख. बिउपूँजी परिचालनका लागि आमा समूहलेअनिवार्यरुपमा कर्जा लगानिको निर्णय गरि लगानी गर्नुपर्नेछ।

ग. बिउपूँजी परिचालन गर्दा लगानी हुने अवधि न्यूनतम व्याजदर प्रति सदस्य लगानी गरिने अधिकतम रकम भाखा नाघेमा लग्ने हर्जना आदी विषयमा आमा समूहलेपरिचालन नीति तयार गरि सोही नीति स्पस्ट उल्लेख गरी लागू गर्नुपर्नेछ।

तर बिउपूँजी ब्याजदर प्रचलित बैंकको ब्याजदर भन्दा सहुलियत व्याजदरहुनु पर्नेछ।

घ.आमा समूहलेबिउपूँजी लगानि गर्दा बढी भन्दा बढी सदस्य लाभान्वित हुने गरि कर्जा माग मध्येवाट उत्पादनमूलक र कम समयमा बढी प्रतिफल प्राप्त हुने खालका परियोजनामा लगानी गर्नुपर्नेछ।

ङ. नियमित बचत नगर्ने सदस्यलाई बिउपूँजीवाट कर्जा लगानी गर्न पाईने छैन।

च. बिउपूँजी लगानी नीती अन्तर्गत ऋण लिन ईच्छुक सदस्यहरुमध्ये गरिव तथा पिछडिएको वर्गको सदस्यलाई संस्थाले पहिलो प्राथमिकता दिनुपर्नेछ।

छ. बिउपूँजी परिचालन गर्दा कार्यविधिभित्र रहेर लगानी गर्नुपर्नेछ।

परिच्छेद-५

सम्झौता रद्द गरि बिउपूँजी फिर्ता लिने कार्यालयको बिशेष अधिकार

५.१ देहायको मध्ये कुनैपनि अवस्थामा कार्यालयले आमा समूहको सम्झौता रद्द गरि बिउपूँजी फिर्तालिन सक्नेछ।

क. कार्यालयले अनुगमन गर्दा आमा समूहलेकार्यविधिको व्यवस्थालाई उल्लंघन गरेमा

ख. सम्झौता अवधि समाप्त नहुँदै आमा समूहविघटन भएमा

ग. तोकिएको उद्देश्य भन्दा विपरित कार्य गरेको पाईएमा

घ. यस कार्यविधिको कर्तव्य भूमिका निर्वाह नगरेमा

५.२ घुम्तिकोष रकम अन्य प्रयोजनमा खर्च गर्न नपाईने।

५.३ बिउपूँजी को स्रेस्ता तथा अभिलेख दुरुस्त राख्नुपर्नेः आमा समूहलेबिउपूँजीको छुट्टै स्पस्ट विवरण देखिनेगरि अभिलेख दुरुस्त राख्नुपर्ने।

५.४ यस विउँपूँजी रकम तथा खर्च निर्देशन समितिले तोक्न सक्नेछ।

परिच्छेद-६

६ आमा समूहलाई विउपूँजी घुम्तिकोष कार्यक्रम संचालन तथा निर्देशन समिति देहायबमोजिम हुनेछः

हलेसी तुवाचुङ नगरपालिका उप-प्रमूख — संयोजक

प्रमूख प्रशासकिय अधिकृत — सदस्य

नगरकार्यपालिकाले तोकेको कार्यपालिकाको एक महिला सहित २ जना सदस्य

महिला तथा बालबालिका शाखा -सदस्य सचिव

परिच्छेद-७

आमा समूहलाई विउपूँजी घुम्तिकोष कार्यक्रम संचालन तथा निर्देशन समितिको काम,कर्तव्य र अधिकार

७.१ आफ्नो क्षेत्रभित्र रहेको आमा समूहलाईमात्र यस घुम्तिकोष उपलव्ध गराउने। र कार्यक्रमको खर्च बजेट बाडफाँड यसै समितिले तोकेबमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत
Chief Administrative Officer

७.२ आमा समूहलको माग तथा कोषको क्षमताअनुशार आवश्यक सम्झौता गरि उपयुक्त मात्रामा बिउपूँजी रकम उपलब्ध गराउने। यो समितिले कार्यविधि भन्दा बाहेकका कार्य गर्नु परेमा नगरकार्यपालिकामा पेश गरी स्वीकृत पश्चात लागु गर्नेछ।

७.३ कोषको नियमित र आकस्मिक अनुगमन गरी आवश्यक निर्देशन दिने।

**परिच्छेद ८**

बचाउः

यो कार्यविधि लागूहुनुपुर्व **नगर**पालिकाको महिला शिर्षकमा बिनियोजित कार्यक्रमबाट सञ्चालित आमा समूहमा सञ्चालित सवै प्रकारका **रकमहरु** यो कार्यविधि लागू भएपश्चात यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

परिच्छेद-९ विविध

९.१ यो कार्यविधिमा उल्लेखितबाहेकका कुरामा नगरकार्यपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ।

९.२ यो कार्यविधि नगरपालिकाले थपघट गर्न सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Officer

अनुसूची १

बीउपूँजी आवेदन सम्वन्धि निवेदन

श्री प्रमूख प्रशासकीय अधिकृत ज्यू
हलेसी तुवाचुङ नगरपालिका
दुर्छिम खोटाङ।

बिषयः बीउपूँजी उपलव्ध गराईपाउं

महोदय

त्यस कार्यालयबाट **महिला सशक्तिकरण**का लागि आमा समूहलाई बिउपूँजी घुम्तिकोष कार्यक्रम सञ्चालन कार्यविधि २०७७ **बमोजिम उपलव्ध** हुने बिउपूँजी सम्वन्धमा भएको सम्पूर्ण व्यवस्था तथा सम्झौताको सर्त पालना गर्नेगरि ................ **नगरपालिका**...............वडा नं स्थित.......................आमा समूहले रु............... तोकिएको सम्झौताको सर्तअनुसार उपलव्ध गराईदिनुहुन विनम्र अनुरोध गर्दछौ।

संचालक समितिको बैठकको निर्णय तथा बिउपूँजी परिचालन निती समेत यसैसाथ संलग्न राखी पेश गरेका छौ।

आमा समूहलेविवरण भवदिय

.................

बचत कोषः

संस्थाः

अध्यक्ष

अनुसूची २

सम्झौतापत्र

आज मिति................................ मा कार्यालय, हलेसी तुवाचुङ नगरपालिका र ............................. आमा समूह बिच तल उल्लेखित शर्तका परिधिभित्र रहि रु............... रकम परिचालन गर्न हस्ताक्षर गरि सम्झौता गरेका छौं। यसमा कुनै फरक पर्नेछैन। सम्झौताका सर्त र कार्यविधिमा उल्लेखित शर्तहरुभित्र रहि परिचालन गर्नेछौ ।

शर्तहरु:

१ यो सम्झौता लागू गर्नमा हामी दुवै पक्ष सहमत छौं तर सम्वन्धित शर्तहरु उल्लंघन गरेमा कार्यालयले बिचैमा सम्झौता भंग गरि रकम फिर्तालिन सक्नेछ।

२ विउपूँजी रकम आमा समूहको खातामा जगेडा राखी परिचालन गरिरहनु पर्नेछ।

३आमा समूहले विउपूँजी परिचालनका लागि कर्जा समिति गठन गर्नुपर्नेछ।

४ विउपूँजी परिचालन गर्दा कुनै ऋणी सदस्यवाट नियम विपरित कार्य गरे आमा समूहले कोष परिचालन नीतिमा व्यवस्था भए अनुसार दण्ड जरिवाना गरि यथासिघ्र ऋण असुल गर्नुपर्नेछ।

५ आमा समूहको सदस्यलाई मात्र विउपूँजी परिचालन गरिनेछ।

६ उत्पादनमूलक व्यवसायलाई प्राथमिकता दिईनेछ।

७ आमा समूहको लगानी गर्दा सदस्यलाई कम्तिमा १ वर्षको लगानी गरिने छ।

८ विउपुँजी परिचालनको प्रगती विवरण सम्वन्धित कार्यालयमा ६/६ महिनामा उपलब्ध गराईने छ।

९ यस विउपूँजी रकम आमा समूहको सदस्यलाई लगानी गर्दा वैङ्कले लगानी गर्ने व्याजदर भन्दा कम व्याजदरमा लगानी गरिने छ।

१० घुम्तिकोषबाट ऋणलिने सदस्यले निएमानुसार एक बर्षमा समूहमा सावाँ व्याज फिर्ता गरी पालो नपुगेकालाई लगानी गर्नेछ।

| | |
|---|---|
| आमा समूहको तर्फवाट: | कार्यालयको तर्फवाट |
| नाम: | नाम: |
| पद: | पद: |
| संस्था/समिति/समूह: | कार्यालय: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |